वर्ष ६, अंक १, पूर्णाङ्क १६

फेडवासनको त्रैमासिक बुलेटिन

# आवाज

**संरक्षक**

राजेन्द्र अर्याल

**सल्लाहकार**

दुर्गा चापागाई

इन्द्रबहादुर तामाङ

जनक गिरी

सरस्वतीदेवी शर्मा

कुलमणि देवकोटा

चक्रप्रसाद शर्मा

पार्वती तिवारी

मन्दरा मिश्र

रामबहादुर घिमिरे

रामप्रसाद चौलागाई

**सम्पादक मण्डल**

बालकृष्ण पोखेल

माधव शर्मा

दोरेन्द्र बहादुर थापा

लुना खतिवडा

वेदव्यास लामिछाने

विशेष अर्याल

**सम्पादन सहयोगी**

ध्रुव खवास

पिताम्वर चौधरी

सामना मिश्र

**वितरण सहयोगी**

कालिन्द्र प्रसाद चौधरी

**डिजाइन**

जे.वि. मिडियाका लागि झरेन्द्र ओली

**प्रकाशक**

खानेपानी तथा सरसफाइ उपभोक्ता महासंघ नेपाल

केन्द्रीय कार्यालय, थापाथली, काठमाडौं ।

**प्रकाशन सहयोगी**

युनिसेफ, नेपाल

## यसभित्र

**युनिसेफ र फेडवासनका वीच कार्यक्रम सम्झौता सम्पन्न**



पेज नं. ९

**सरसफाइ सप्ताह कार्यक्रम सम्पन्न**



पेज नं. ९



**शौचालय निर्माण गरी सरसफाइ अभियानमा बाजुराका महिलाहरु**

शेरबहादुर शाही

पेज नं. २३

आवरण फोटोः सिस्नुडोल खानेपानी आयोजना, फाखेल, मकवानपुर

## प्रकाशकीय

सामान्यतया पानीको बारेमा कुरा गर्ने बित्तिकै यसको प्रयोगका बारेमा भन्दा पनि खानेपानीको चर्चा हुने गर्दछ । पानी जीवनको आधार हो र यस विना प्राणीजगतको कल्पना समेत गर्न सकिदैन । जलश्रोतको धनी देशका रुपमा चिनिएको देश नेपालका लागि मानिसहरुले खानेपानीका लागि संघर्ष गर्नु परिरहेको छ साथै तथ्याङ्कगत रुपमा जेसुकै भए तापनि अझै ठूलो हिस्साले शुद्ध खानेपानीको प्रयोग गर्न पाएका छैनन भने पाउनेहरुले पनि पर्याप्त मात्रामा पानीको उपभोग गर्न नपाएको गुनासो छ ।

पानी केबल पिउनका लागि मात्र नभै यसको बहु उपयोगिताबाट मानव विकास तथा देशको आर्थिक उन्नति र समृद्धिका लागि आधारभूत सूचक हो र यसले मानिसको जीवनस्तर तथा आयआर्जनका अन्य क्षेत्रहरुमा समेत प्रभाव पार्दछ ।

नेपालको सन्दर्भमा भन्नु पर्दा राज्यको मूल कानून बनाउने कालखण्डमा रहेको यस अवस्थामा खानेपानी तथा सरसफाइ व्यक्तिको आधारभूत तथा प्राथमिक स्तरको मानव अधिकारको रुपमा संविधानमा नै राख्न सकेको खण्डमा जनताहरुका लागि हितकर हुनुका साथै देशबासीको खानेपानी तथा सरसफाइको पहुँच तथा उपलब्धतामा सहजता भै मानव विकासमा योगदान पुग्ने निश्चित छ ।

सामान्य रुपमा हेर्दा खानेपानी र सरसफाइ त्यति गहन जस्तो नलागेता पनि यसको व्यवस्थापन वा अव्यबस्थापनले मानव विकासका साथै विकासका क्षेत्रमा प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा ठूलो प्रभाव रहनुका साथै आर्थिक प्रतिफलमा समेत प्रभाव पर्दछ  तसर्थ यसको उचित व्यवस्थपानका साथै जनताहरुको पहुँचमा बृद्धि गर्न खानेपानी तथा सरसफाइलाई आधारभूत मानव अधिकारमा रुपमा स्थापना गर्नु जरुरी छ ।

विषय-सूची


| क्र.स. | शिर्षक | पेज न. |
|---|---|---|
| १. | युनिसेफ र फेडवासनका वीच कार्यक्रम सम्झौता सम्पन्न | ५ |
| २. | कार्यक्रम शुभारम्भ कार्यशाला गोष्ठी संचालन | ६ |
| ३. | कार्यक्रम अभिमुखीकरण कार्यशाला गोष्ठी संचालन | ७ |
| ४. | खानेपानी तथा सरसफाइ उपभोक्ता महासंघ नेपाल, जिल्ला शाखा गठन | ८ |
| ५. | सरसफाइ सप्ताह कार्यक्रम सम्पन्न | ९ |
| ६. | सूचना तथा प्रविधि अभिमुखिकरण कार्यक्रम सम्पन्न | १० |
| ७. | फोटोग्राफी सम्बन्धी अभिमुखिकरण कार्यक्रम सम्पन्न | १० |
| ८. | खानेपानी तथा सरसफाइ क्षेत्रमा सुशासन प्रर्द्धनमा महासंघका गतिविधिहरु | १३ |
| ९. | मानव अधिकार भित्र खानेपानी र सरसफाइ | १६ |
| १०. | खानेपानी र सरसफाइका क्षेत्रमा महिलासँग जोडिएका सवालहरु | २० |
| ११. | शौचालय निर्माण गरी सरसफाइ अभियानमा बाजुराका महिलाहरु | २३ |
| १२. | विद्यालय सरसफाई कार्यक्रम प्रतिवेदन | २६ |
| १३. | खानेपानी श्रोत विवादमा मध्यस्थता (प्रतिवेदन) | २९ |

# युनिसेफ र फेडवासनका वीच कार्यक्रम सम्झौता सम्पन्न



युनिसेफ, नेपालको आर्थिक तथा प्राविधिक सहयोगमा नेपालका आठवटा जिल्लामा खानेपानी, सरसफाइ र स्वच्छता प्रवर्द्धनका लागि सहकार्य कार्यक्रम (Aligning for Action and Accelerating WASH for All) कार्यक्रम संचालनका लागि युनिसेफ, नेपाल र फेडवासनका वीच २ बैशाख २०७१ गतेका दिन सम्झौता भएको छ। सो कार्यक्रम सुदूरपश्चिमका बझाङ्ग, बाजुरा, डडेलधुरा र डोटी, मध्यपश्चिमांचलका सल्यान, दाङ्ग र जुम्ला साथै पूर्वाञ्चलको पाँचथर गरी ८ वटा जिल्लामा अप्रिल २०१४ देखि जुन २०१५ सम्म संचालन हुनेछ । यस कार्यक्रमको मुख्य उद्देश्य खानेपानी आयोजनाको निरन्तरता र दिगोपनाका साथै खुला दिसामुक्तको प्रभावकारितामा जोड दिने भन्ने रहेको छ ।

यस कार्यक्रम अर्न्तगत कार्यक्रम संचालन भएका जिल्लाहरुका सबै खानेपानी आयोजनाहरुलाई जिल्ला जलश्रोत समिति अनिवार्य दर्ता गराउनुका साथै फेडवासनमा अनिवार्य रुपमा आवद्धता गराई १०० वटा आयोजनाहरुमा खानेपानी सुरक्षा योजना बनाई लागू गरिनुका साथै सल्यानका ५ र डोटीका ६ वटा गरी ११ वटा गा.वि.स. खुला दिसा मुक्त घोषणा गरिनेछ । यस कार्यक्रमका अतिरिक्त फेडवासनको पैरवी, लवी, अनुगमन तथा मुल्याङ्गनका क्षेत्रमा क्षमता अभिबृद्धि गर्ने क्रियाकलापहरु पनि संचालन गरिनेछ। यस कार्यक्रमको कुल बजेट ४,५५,२०५ अमेरिकी डलर रहेको छ जसमा ४,०९,२५५ अमेरिकी डलर युनिसेफले र ४६,२०५ अमेरिकी डलर फेडवासनले बेहोर्ने छ।

युनिसेफका खानेपानी तथा सरसफाइ शाखा प्रमुख Antti Rautavaara ले सो संम्झौता एक

कार्यक्रमका वीच फेडवासनका राष्ट्रिय अध्यक्ष राजेन्द्र अर्याललाई हस्तान्तरण गर्नु भएको थियो भने सो कार्यक्रममा युनिसेफका WASH अधिकृत अनु पौड्याल गौतम र फेडवासनका कार्यक्रम व्यबस्थापक बालकृष्ण पोखेलको उपस्थिति रहेको थियो । सो कार्यक्रममा सबै पक्षले कार्यक्रमको सफलताका लागि तदारुकताका साथ जुटेर काम गर्ने र समयमा नै काम सम्पन्न गरी लक्षित परिणाम हासिल गर्ने भन्ने कुरामा जोड दिएइको थियो ।

# कार्यक्रम शुभारम्भ कार्यशाला गोष्ठी संचालन

युनिसेफ र फेडवासनका वीचमा सम्झौता भएको कार्यक्रमको संचालनका लागि आवश्यक रणनीति तथा कार्यक्रम निर्देशिका तयार गर्न फेडवासनका पदाधिकारी, कर्मचारी र दातृ निकायका प्रतिनिधिहरु सहितको कार्यशाला गोष्ठी आषाढ २४-२५ गते २०७१ मा होटल आउटलुक इन, मातातिर्थ, काठमाण्डौमा सम्पन्न भयो । यस कार्यक्रमको मुख्य उद्देश्य कार्यक्रमलाई बढी उपलब्धीमूलक, संचालनमा सरलता र एकरुपता ल्याउनका लागि कार्यक्रम संचालन निर्देशिका तयार पार्नु रहेको थियो । सो कार्यशाला गोष्ठीमा कार्यक्रमका बारेमा सम्मिलित सहभागीहरु वीच व्यापक छलफल गरी कार्यक्रम संचालन निर्देशिका, क्रियाकलापहरुको विवरण र प्रक्रिया तथा प्रतिवेदनको ढाँचाहरु तयार गरिएको थियो । सो कार्यक्रममा फेडवासनका तर्फबाट राष्ट्रिय अध्यक्ष राजेन्द्र अर्याल, सचिव जनक गिरी, सदस्य लिलानाथ निरौला तथा कार्यक्रम व्यबस्थापक बालकृष्ण पोखेल, बरिष्ठ कार्यक्रम अधिकृत दोरेन्द्र बहादुर थापा र लुना खतिवडा, वित्त सहायक पिताम्बर चौधरी, प्रशासन सहायक सामना मिश्रका साथै दातृ निकायका तर्फबाट युनिसेफका वास अधिकृत अनु पौड्याल गौतमको सहभागिता रहेको थियो ।



# कार्यक्रम अभिमुखीकरण कार्यशाला गोष्ठी संचालन




युनिसेफ र फेडवासनका वीचमा सम्झौता भएको कार्यक्रमको जिल्लाहरुमा संचालनका लागि फेडवासनका पदाधिकारी, कर्मचारी र दातृ निकायका प्रतिनिधिहरुका साथै कार्यक्रम संचालित जिल्लाका फेडवासनका जिल्ला अध्यक्ष तथा पदाधिकारीहरुका साथै जिल्ला कार्यक्रम अधिकृतहरु सम्मिलित कार्यशाला गोष्ठी आषाढ २६-२७ गते २०७१ मा होटल आउटलुक इन, मातातिर्थ, काठमाण्डौमा सम्पन्न भयो । यस कार्यक्रमको मुख्य उद्देश्य कार्यक्रमलाई बढी उपलब्धीमूलक र एकरुपताका साथ संचालन गर्नका लागि जिल्ला तहका पदाधिकारी र कर्मचारीहरुलाई कार्यक्रमको बारेमा विस्तृत जानकारी प्रदान गर्नु रहेको थियो । सो कार्यशाला गोष्ठीमा कार्यक्रमका बारेमा सम्मिलित सहभागीहरु बीच कार्यक्रम संचालन निर्देशिका अनुरुप जिल्ला, गा.वि.स. तथा समुदायका साथै आयोजना तहका कार्यक्रम संचालनका बारेमा व्यापक छलफल गरिएको थियो । सो कार्यक्रममा फेडवासनका तर्फबाट राष्ट्रिय अध्यक्ष राजेन्द्र अर्याल, उपाध्यक्ष दुर्गा चापागाई, सचिव जनक गिरी, सदस्य लिलानाथ निरौला तथा कार्यक्रम व्यबस्थापक बालकृष्ण पोखेल, बरिष्ठ कार्यक्रम अधिकृत दोरेन्द्र बहादुर थापा र लुना खतिवडा, वित्त सहायक पिताम्बर चौधरी, प्रशासन सहायक सामना मिश्र, विशेष अर्यालका साथै दातृ निकायका तर्फबाट युनिसेफका WASH अधिकृत अनु पौड्याल गौतम, दिनेश सिह मल्ल, सिद्धी श्रेष्ठको सहभागिता रहेको थियो । सो कार्यक्रममा WASH अधिकृत अनु पौड्याल गौतम, सिद्धि श्रेष्ठ, दिनेश सिह मल्ल, फेडवासनका राष्ट्रिय अध्यक्ष राजेन्द्र अर्याल, सचिव जनक गिरी, सदस्य राम बहादुर

घिमिरे, कार्यक्रम व्यबस्थापक बालकृष्ण पोखेल, बरिष्ठ कार्यक्रम अधिकृत दोरेन्द्र बहादुर थापा र लुना खतिवडा, वित्त अधिकृत माधव शर्माले कार्यक्रमका विविध विषयमा प्रस्तुतिकरण गर्नुका साथै फेडवासनका अन्य कार्यक्रमका वेदव्यास लामिछाने, सुशिला घिमिरे, ध्रुव कुमारी खवासले आ-आफ्नो कार्यक्रम तथा गतिविधिका बारेमा जानकारी गराउनु भएको थियो ।

कार्यक्रमको अन्तमा फेडवासन केन्द्रीय कार्यसमितिका तर्फबाट राष्ट्रिय अध्यक्ष राजेन्द्र अर्याल र कार्यक्रम संचालित जिल्लाका फेडवासन जिल्ला अध्यक्षहरुले संयुक्त रुपमा हस्ताक्षर गरी कार्यक्रम संझौता हस्तान्तरण गरिएको थियो ।

# खानेपानी तथा सरसफाइ उपभोक्ता महासंघ नेपाल, जिल्ला शाखा गठन

खानेपानी तथा सरसफाइ उपभोक्ता महासंघ नेपालको ५८औं जिल्ला शाखाका रुपमा सल्यान जिल्ला तदर्थ समिति गठन भएको छ । २०७१ साल जेष्ठ १९ गतेका दिन सल्यान जिल्लामा खानेपानी तथा सरसफाइ उपभोक्ता महासंघ नेपाल जिल्ला शाखा गठन लागि भएको भेलाको अध्यक्षता खलङ्गा शितलपाटी खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाका अध्यक्ष श्री पुर्ण चन्द राईले गर्नु भएको थियो भने प्रमुख अथितिको आसन ग्रहण राष्ट्रिय सचिवालय सदस्य तथा क्षेत्रिय इन्जार्च श्री कुलमणी देवकोटाले गर्नु भएको थियो । उक्त भेलामा दाङ जिल्ला शाखाका अध्यक्ष पुष्पा श्रेष्ठ र जिल्ला स्थित विभिन्न नागरिक समाज, कार्यालय तथा संघसंस्थाको उपस्थित रहेको थियो । महाशाखाको गठनका लागि सल्यान जिल्लाका विभिन्न सरकारी तथा गैरसरकारी निकायका प्रतिनिधि र ३० वटा उपभोक्ता समितिका पदाधिकारीहरुको भेलाले केशव वि.सी.को संयोजकत्वमा ११ सदस्यीय तदर्थ समिति चयन गरेको छ । जसमा ३ जना महिला, ३ जना दलित, २ जना जनजाति रहेका छन् ।

१) अध्यक्ष श्री केशव वहादुर बुढाथोकी
२) उपाध्यक्ष श्री पुर्णिमा वि.क.
३) सचिव श्री प्राण कुमार राई
४) कोषाध्यक्ष श्री पुर्ण चन्द राई
५) सह सचिव श्री दिपा श्रेष्ठ
६) सदस्य श्री वुद्धिराज विष्ट
७) सदस्य श्री खिम कुमारी सार्की
८) सदस्य श्री हेर्म लाल बोहोरा
९) सदस्य श्री सिताराम बोहोरा
१०) सदस्य श्री खुम बहादुर परियार
११) सदस्य श्री लिला धर गिरी

# खानेपानी सुरक्षा योजना, लैगिक तथा सामाजिक समावेशीकरण, विपद व्यबस्थापन तथा जलवायु परिवर्तन अनुकूलन सम्बन्धि तालिम

फेडवासनको आयोजनामा खानेपानी सुरक्षा योजना, लैगिक तथा सामाजिक समावेशीकरण, विपद व्यबस्थापन तथा जलवायु परिवर्तन अनुकूलन सम्बन्धि तालिम मिति २८-२९ बैशाख २०७१ युनाईटेड वर्ल्ड ट्रेड सेन्टर त्रिपुरेश्वरमा सम्पन्न भएको थियो । सो कार्यक्रममा खानेपानी तथा सरसफाइ उपभोक्ता महासंघ, नेपालका ३८ जना पदाधिकारीहरुको सहभागिता रहेको थियो । सो कार्यक्रमा पदाधिकारीहरुलाई खानेपानी सुरक्षा योजना, लैगिक तथा सामाजिक समावेशीकरण, विपद व्यबस्थापन तथा जलवायु परिवर्तन अनुकूलन सम्बन्धी प्रशिक्षण दिईएको थियो । कार्यक्रममा सहरी विकास मन्त्रालयका सह-सचिव अवध किशोर मिश्रले सरकारको नीति तथा कार्यक्रमका वारे मा जानकारी दिनुभएको थियो भने, खानेपानी तथा ढल निकास विभागका सि.डि.ई. किरण दर्नाल, क्षेत्रगत दक्षता अभिवृद्धि ईकाइका कविन्द्र कार्की, युनिसेफ नेपालका अनु पौड्याल गौतम र दिनेश सिंहले विभिन्न विषयमा प्रस्तुतिकरण गर्नु भएको थियो ।

# सरसफाइ सप्ताह कार्यक्रम सम्पन्न

खानेपानी तथा सरसफाइ उपभोक्ता महासंघको आयोजनामा २१ जेष्ठ २०७१ मा १५ औ राष्ट्रिय सरसफाइ सप्ताह कार्यक्रम विभिन्न क्षेत्रमा काम गर्ने संचारकर्मी तथा व्यबस्थापकसंग अन्तरक्रिया गरि ट्रेड टावर थापाथलीमा भव्यताका साथ मनाइयो । सरसफाइ सप्ताह कार्यक्रम केन्द्रमा साथै जिल्ला तहमा पनि खानेपानी तथा सरसफाइ उपभोक्ता महासंघ नेपालको जिल्ला शाखाहरुको सक्रिय सहभागिताका साथ मनाइयो। यसै समयमा डडेल्धुरा जिल्ला खुला दिसा मुक्त जिल्ला घोषणा गर्ने क्रममा जिल्ला शाखा डडेल्धुराको सक्रिय सहभागिता रहेको थियो ।



## सूचना तथा प्रविधि अभिमुखिकरण कार्यक्रम सम्पन्न

खानेपानी तथा सरसफाइ उपभोक्ता महासंघ नेपालका पदाधिकारीहरु तथा कर्मचारीहरुलाई जानकारीका साथै क्षमता अभिबृद्धि गराउने उद्देश्यका साथ २८ आषाढ २०७१ मा होटल आउटुक इन, मातातिर्थ, काठमाण्डौमा सूचना तथा प्रविधि अभिमुखिकरण कार्यक्रम संचालन गरिएको थियो । सो कार्यक्रममा फेडवासनका पदाधिकारीहरु र कर्मचारी गरी २६ जनाको सहभागिता रहेको थियो । मिडिया चौतारकिो संयोजनमा संचालित कार्यक्रमको मुख्य उद्देश्य संस्थाको वेभसाइटको बारेमा जानकारीका साथ यसमा तथ्याङ्कहरु राख्ने र हटाउने बारेमा जानकारी प्रदान गरिएको थियो । सो कार्यक्रममा प्रशिक्षकको भूमिका प्रवेश आचार्यले गर्नु भएको थियो ।

## फोटोग्राफी सम्बन्धि अभिमुखिकरण कार्यक्रम सम्पन्न



खानेपानी तथा सरसफाइ उपभोक्ता महासंघ नेपालका पदाधिकारीहरु तथा कर्मचारीहरुलाईजानकारीकासाथै क्षमता अभिबृद्धि गराउने उद्धेश्यका साथ ३० आषाढ २०७१ मा महासंघको तालिम हलमा फोटोग्राफी सम्बन्धि अभिमुखिकरण कार्यक्रम संचालन गरिएको थियो । सो कार्यक्रममा फेडवासनका पदाधिकारीहरु र कर्मचारी गरी २६ जनाको सहभागिता रहेको थियो । युनिसेफका संचार परामर्शदाता (Media Consultant) किरण पाण्डेले फोटोग्राफीको बारेमा जानकारीका साथ यसको महत्वका बारेमा जानकारी प्रदान गर्नु भएको थियो ।

## भावी संविधानमा मौलिक हकको रुपमा खानेपानी र सरसफाइ विषयक अन्तरक्रिया कार्यक्रम

खानेपानी तथा सरसफाइको मुद्दालाई भावी संविधानमा कसरी समावेश गर्न सकिन्छ भनेर ९ मे २०१४ मा सभासदहरुसंग अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो । कूल ५५ जना को उपस्थितिमा सभासद, गैसस तथा अन्य सरोकारवालाहरु बीच कार्यक्रम सम्पन्न भयो । फेडवासनका पदाधिकारी, पत्रकार तथा कर्मचारीको सहभागिता थियो । प्रस्तोता दिल राज खनालले राष्ट्रिय तथा अन्तराष्ट्रिय रुपमा भएका कानुन त्यसको घरेलुकरणको अवस्था वारे प्रकाश पार्नुभयो साथै खानेपानी तथा सरसफाइको हिजो र आजको अवस्था कानूनको आँखावाट प्रष्ट पार्नुभयो ।

उपस्थित सभासदहरुले आफुहरु यस मुद्धामा धेरै होसियार भएको जानकारी गराउनका साथै आफ्नो तर्फवाट सम्पूर्ण जिम्मेवारी पुरा गर्ने वाचा गर्नुभयो । यस मुद्दालाई अझै वढी महत्वको साथ दिन्छौ भन्ने सन्देश दिनुभयो । साथै उक्त कार्यक्रममा स्वच्छ खानेपानी तथा सरसफाइको पहुँच विस्तारमा आफ्नो हिसावले कटिवद्ध लागिरहने जानकारी गराउनुभयो ।

## नेपालमा खानेपानी तथा सरसफाइ सम्बन्धी अन्तर्राष्ट्रिय कानून र प्रतिवद्धताको घरेलुकरण

प्लान नेपालको सहयोगमा फेडवासनले नेपालमा खानेपानी तथा सरसफाइ सम्वन्धी अन्तराष्ट्रिय कानून र प्रतिवद्धताको घरेलुकरणको विषयमा प्रकाशन हुन लागेको पुस्तक माथि अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो । कार्यक्रममा विभिन्न निकायका प्रतिनिधि तथा विभिन्न सरोकारवालाहरु वीच पुस्तकको विषयवस्तु माथि छलफल भयो र उक्त वहसवाट आएका कुराहरुलाई पुस्तकमा समावेश गरिएमा पुस्तकले अलि वढी सान्दर्भिक हुने सवैको वुझाइ थियो । यसमा विभिन्न क्षेत्र जस्तै जलवायु परिवर्तन, महिला, समावेशीको मुद्दालाई जोडेर हेर्न सकिएमा अझै अध्ययनको दायर बृहत हुने थियो भन्ने सवैको ठहर थियो ।

# विश्व पानी दिवस

विश्व पानी दिवसको अवसरमा सभासदहरुसंग लवी वैठक सम्पन्न भयो । यस वर्षको पानी दिवसको नारा “पानीको लागि शक्ति र शक्तिको लागि पानी” भन्ने सहित मार्च २२ मा सम्पन्न भयो । उक्त कार्यक्रमामा सरकारी, गैसस, निजि क्षेत्र तथा विभिन्न उपभोक्ता समितिको उल्लेखनीय सहभागिता थियो र यस कार्यकमको मुख्य उद्देश्यभावी संविधानमा खानेपानी तथा सरसफाइ को मुद्दालाई अझै ठूलो आयतनमा देशव्यापी रुपमा लैजाने हो साथै वढ्दो पानी तथा शक्ति संकटको समस्या र समाधानको विषयमा झक्झकाउनु पनि हो । करिव ७ वटा विभिन्न संघ संस्था मिलेर उक्त कार्यक्रमको आयोजना भएको थियो साथै यस कार्यका लागि नागरिक संस्थाको तर्फवाट पनि जोडदार आह्वान गरिएको थियो ।

# आह्वान

सन् २०१७ सम्ममा सवैका लागि खानेपानी र सरसफाइ सुविधा पुऱ्याउने नेपाल सरकारको लक्ष्य सबैका लागि उत्साहप्रद छ । यसले खानेपानीमा सजिलै पहुँच नभएका ४० लाख जनता तथा सरसफाइ सुविधाबाट बञ्चित करोड जनताको हौसला बढाएको छ। उक्त लक्ष्य हासिल गर्न अझै हामी सबै कस्सिएर लाग्नु परेको छ । देशका सरकारी विद्यालयको ३१ प्रतिशत विद्यालयहरुमा छात्रा मैत्री शौचालय छैनन् । नेपाल सरकारको नीति विपरित १६६ छात्राहरुले एक शौचालय मात्र प्रयोग गर्दछन् । यसै गरी स्वास्थ्य संस्थाहरुमा सरसफाइको कमीले गर्दा गर्भवती महिला, आमाहरु,नवजातशिशु लगायत अन्य बिरामीहरुको स्वास्थ्यमा नकारात्मक असर परिरहेको छ । सार्वजनिक स्थानहरुमा सार्वजनिक शौचालय अपर्याप्त छन् भने भएका शौचालहरु पनि महिला, बाल तथा अपाङ्गमैत्री छैनन् ।

तसर्थ,

- आज,मार्च २२,विश्व पानी दिवस २०१४ को सु-अवसरमा, संयुक्त राष्ट्रसंघको महासभा २०१० ले खानेपानी र सरसफाइलाई मानव अधिकारको रुपमा मान्यता दिएको कुरा स्मरण गराउँदै,
- माननीय सभासद्ज्यूहरुले खानेपानी र सरसफाइमा पुऱ्याउनु भएको योगदानलाई कदर गर्दै,
- स्वास्थ्य, शिक्षा लगायत अन्य सामाजिक क्षेत्रको विकासमा प्रत्यक्ष सरोकार राख्ने
- खानेपानी र सरसफाइको अधिकारलाई अव वन्ने नयाँ संविधानमा सुनिश्चित गर्न
- विशेष पहल गरिदिनु हुनका लागि हामी हार्दिक आह्वान गर्दछौं ।
- नयाँवन्ने संविधानमा खानेपानी तथा सरसफाइलाई मौलिक अधिकारका रुपमा स्थापित गरिनु पर्दछ ।

**खानेपानी र सरसफाइको अधिकार स्थापित भएपछि**

- सवै विद्यालय र स्वास्थ्य केन्द्रहरुमा पानी, सरसफाइ र स्वच्छताको सुविधा पुऱ्याउन टेवा दिनेछ ।
- खानेपानी र सरसफाइको क्षेत्रमा लगानी वृद्धि गर्न बलियो आधार तयार हुनेछ ।
- सुरक्षित पानी र सरसफाइको सुविधा घरदैलो सम्म पुऱ्याउन आवश्यक बजेट विनियोजन भइ कार्यक्रमहरुको कार्यन्वयनमा तिव्रता ल्याउने छ ।
- खानेपानी र सरसफाइको असमान पहुँच क्रमिक रुपले निवारण भइ सेवामा दिगोपना आउनेछ । - सवै विद्यालय र स्वास्थ्य केन्द्रहरुमा पानी, सरसफाइ र स्वच्छताको सुविधा पुऱ्याउन टेवा दिनेछ ।
- खानेपानी र सरसफाइको क्षेत्रमा लगानी वृद्धि गर्न बलियो आधार तयार हुनेछ ।
- सुरक्षित पानी र सरसफाइको सुविधा घरदैलो सम्म पुऱ्याउन आवश्यक बजेट विनियोजन भइ कार्यक्रमहरुको कार्यन्वयनमा तिव्रता ल्याउने छ ।
- खानेपानी र सरसफाइको असमान पहुँच क्रमिक रुपले निवारण भइ सेवामा दिगोपना आउनेछ ।

# खानेपानी तथा सरसफाइ क्षेत्रमा सुशासन प्रवर्द्धनमा महासंघका गतिविधिहरु

## पृष्ठभुमि

स्वच्छ खानेपानी तथा आधारभूत सरसफाइको पहुँच मानव अधिकार हो । नेपालले सबै नागरिकहरुलाई सन् २०१७ सम्ममा सुरक्षित खानेपानी तथा आधारभूत सरसफाइ सुविधा उपलब्ध गराउने राष्ट्रिय लक्ष्य लिएको छ। हाल देशमा सुरक्षित खानेपानी र सरसफाइ(चर्पी)मा पहुँच भएको जनसंख्या प्रतिशत क्रमसः ८२ र ६२ भन्दा बढी रहेको छ ।

नेपाल सरकारको खानेपानी तथा ढल निकास विभागले सन् २०१० मा गरेको एक अध्ययन अनुसार देशमा रहेका लगभग ३८,००० खानेपानी योजनाहरु मध्ये करिब १८ प्रतिशत योजनाहरु मात्र पूर्ण क्षमतामा संचालनमा रहेका अवस्थामा छन् भने बाँकी ८२ प्रतिशत आयोजनाहरुमा बिभिन्न किसिमका मर्मत संम्भार तथा पुनर्निर्माणको आवश्यकता रहेको छ । यसबाट खानेपानी सेवामा पहुँच भएका वास्तविक जनसंख्याको प्रतिशत माथि अनुमान गरिए भन्दा निकै कम हुने निश्चित छ । अतः खानेपानी तथा सरसफाइको राष्ट्रिय लक्ष्य प्राप्त गर्न तथा यस क्षेत्रको दिगो विकासका लागि क्षेत्रगत सुशासन कायम गर्दै, पर्याप्त श्रोतको व्यवस्था तथा त्यसको प्रभावकारी एवं जवाफदेहीपूर्ण उपयोगका लागि सरोकारवालाहरु सबैको सहभागितामा बिशेष कार्यक्रमहरु संचालन गर्नपर्ने टड्कारो आवश्यकता छ ।

यसै पृष्ठभुमिमा खानेपानी तथा सरसफाइ उपभोक्ता महासंघ नेपालले सन् २०१३ को अगस्ट महिना देखि खानेपानी तथा सरसफाइ क्षेत्रमा सुशासन कार्यक्रम (Water Integrity Nepal Programme) को कार्यान्वयन गरिरहेको छ। यस कार्यक्रमको कार्यान्वयनमा महासंघलाई हेल्भेटास स्विस इन्टरकोअपरेसन नेपालको जलश्रोत व्यवस्थापन कार्यक्रमले प्राबिधिक तथा आर्थिक सहयोग गरिरहेको छ भने सो का लागि हेल्भेटासले Water Intigrity Network (WIN)सँग सहकार्य गरेको छ ।

## दोश्रो क्षेत्रगत समीक्षा कार्यक्रम

काठमाडौमा भएको खानेपानी तथा सरसफाइ क्षेत्रको दोश्रो क्षेत्रगत समीक्षा कार्यक्रम तथा सो समीक्षा कार्यक्रमका विविध क्षेत्रगत समूहको बैठक, प्रतिवेदन तयारी तथा अध्ययन भ्रमणहरुमा महासंघका पदाधिकारी तथा कर्मचारीहरुको सक्रिय सहभागिता रहेको छ । बैठकहरुहरुमा सक्रिय रुपमा सहभागी भइ खानेपानी तथा सरसफाइमा सुशासनका समस्याहरुमा गम्भिर छलफल गरिएको थियो । यस कार्यक्रमको हस्ताक्षरित घोषणा पत्रमा समेत खानेपानी तथा सरसफाइमा सुशासन प्रवर्द्धन गर्ने बुँदा समावेश भएको छ । महासंघको महत्व, आवश्यकता तथा भूमिकालाई सम्मान गर्दै उपभोक्ता समितिहरु तथा महासंघको सुदृढीकरणमा जोड दिन सहमति समेत भएको छ । यस दोश्रो क्षेत्रगत समीक्षा कार्यक्रमको घोषणापत्रमा गैर सरकारी संस्था तथा नागरिक समाजको तर्फबाट महासंघले नै हस्ताक्षर गरेको थियो ।

## खानेपानी तथा सरसफाइ क्षेत्रमा सुशासन सम्बन्धमा पत्रकारहरुबीच तालिम अभिमुखीकरण

कैलाली अछाम तथा दैलेख जिल्लामा कार्यरत सञ्चारकर्मीहरुबीच खानेपानी तथा सरसफाइ क्षेत्रमा सुशासन सम्बन्धमा एकदिने तालिम अभिमुखीकरण कार्यक्रम १४ जून २०१४ मा धनगढीको होटल रुवसमा भएको थियो । सो अवसरमा खानेपानी तथा सरसफाइ क्षेत्रमा सुशासन कार्यक्रमको आधारभूत अवधारणा, नेपालमा खानेपानी तथा सरसफाइको अवस्था, राष्ट्रिय अन्तराष्ट्रिय प्रावधान, पानीको अधिकार तथा कानूनी आधार तथा खानेपानी तथा सरसफाइमा सुशासन प्रवर्द्धनका लागि संचारमाध्यमको भूमिकाका विषयमा व्यापक चर्चा भएको थियो ।

## खानेपानी तथा सरसफाइ क्षेत्रमा सुशासन सम्बन्धमा गा.वि.स. सचिवहरुबीच तालिम अभिमुखीकरण

विकास निर्माण परियोजनासंग प्रत्यक्ष सम्वन्ध र सरोकार राख्ने सरकारी निकाय एवं स्थानीय रुपमा खानेपानी तथा सरसफाइ सेवासँग प्रत्यक्ष सम्बन्ध राख्ने निकायको रुपमा गाविस सचिवहरुसँग पनि खानेपानी तथा सरसफाइ क्षेत्रमा सुशासन सम्बन्धमा एकदिने तालिम अभिमुखीकरण कार्यक्रमहरु दैलेख जिल्लामा १८ जून २०१४ मा जिल्ला महासंघको कार्यालयमा तथा कैलालीमा २० जुलाइ २०१४ मा होटल अमीत प्लाजामा आयोजना गरिएको थियो। उक्त कार्यक्रममा विद्यमान कानूनी व्यवस्था तथा व्यवहारिक प्रयोग, अनुमगन तथा मूल्याङ्कन प्रणाली, मर्मत संभार कोष व्यवस्था तथा सुशासन प्रवर्द्धनमा कार्यप्रणालीमा सुधार एवं विभिन्न संयन्त्रको कार्यप्रणाली तथा सुशासनका औजारहरुको बारेमा चर्चा गरिएको थियो ।

## संविधानसभा निर्वाचन क्षेत्रस्तरमा खानेपानी तथा सरसफाइ उपभोक्ता समितिहरुको सम्मेलन

खानेपानी तथा सरसफाइ उपभोक्ता समितिहरुको संविधानसभा निर्वाचन क्षेत्रस्तरका भेला विभिन्न जिल्लामा विभिन्न समयमा आयोजना भैसकेका छन् । अछामको क्षेत्र नं १ को कार्यक्रम सांफेबगर नगरपालिकाको कार्यालय साफेबगरमा ११ जून २०१४ मा आयोजना भएको थियो । दैलेख क्षेत्र नं. १ को कार्यक्रम श्री शिव प्राथमिक विद्यालय, लामतडामा २६ जून २०१४ मा तथा क्षेत्र नं २ को कार्यक्रम द्रोणाचल क्याम्पस दुल्लुमा २८ जून २०१४ मा आयोजना गरिएको थियो । कैलाली क्षेत्र नं १ को कार्यक्रम टिकापुरमा २४ जूलाई मा क्षेत्र नं. २ को कार्यक्रम चिसापानीमा १६ जूलाइमा, क्षेत्र नं. ३ को कार्यक्रम एस एण्ड पी होटल टिकापुरमा २४ जुलाइमा सम्पन्न भएको

थियो । क्षेत्रीय सम्मेलनमा उपभोक्ताहरुको हक अधिकार, उपभोक्ता समितिहरुको गठन काम कर्तव्य अधिकारका बारेमा कानूनी व्यवस्था तथा व्यवहारिक पक्षबारे चर्चा गरिएको थियो ।

उपभोक्ता महासंघले जिल्लास्तरका खानेपानी तथा सरसफाइ  सम्बन्धी विभिन्न बैठक अन्तरक्रिया कार्यक्रममा  सक्रिय रुपमा सहभागी भइ  जिल्लाको खानेपाानी तथा सरसफाइ रणनैतिक योजनमा महासंघको विविध भूमिका उल्लेख गरिएको छ । कैलाली जिल्लाका विभिन्न गा.वि.स. कार्यालयहरुले गाविसका खानेपानी तथा सरसफाइ क्षेत्रका लागि विनियोजित बजेट महासंघलाई लिखित रुपमा जानकारी गराएका छन् ।

# हार्दिक समवेदना



**जन्मः**
**२०१० कार्तिक २३ गते**

**मृत्युः**
**२०७१ आषाढ १५ गते**


**स्वः शिवा पाण्डेय**

**खानेपानी तथा सरसफाइ उपभोक्ता महासंघ नेपाल दाङ जिल्लामा कार्यरत जिल्ला कार्यक्रम अधिकृत सिता पाण्डेयकी ममतायी आमा शिवा पाण्डेयको ६१ वर्षको उमेरमा निधन भएकोमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोक सन्तप्त परिवारजन प्रति हार्दिक समवेदना**

**व्यक्त गर्दछौं ।**

**खानेपानी तथा सरसफाइ उपभोक्ता महासंघ, नेपाल**
**परिवार**

# मानव अधिकार भित्र खानेपानी र सरसफाइ



कमल राना

खानेपानी मानव जीवनका लागि अपरिहार्य वस्तु हो भने सरसफाइ स्वस्थ जीवन जिउनका लागि नगरी नहुने महत्वपूर्ण कार्यमा पर्दछ । यी दुई बीचको अन्योन्याश्रित सम्बन्धकै कारण खानेपानी र सरसफाइलाई एउटै शिर्षकमा राख्दै आइएको छ । नैसर्गिक अधिकारका रुपमा रहेको खानेपानीलाई पछिल्लो समयमा भने पानीको उपभोग गर्न पाउने र सरसफाइलाई स्वस्थ जीवन जिउन पाउने अधिकारसँग जोडेर मानव अधिकारका रुपमा ब्याख्या गरिएको छ ।

सन २०१० जुलाई २८ मा संयुक्त राष्ट्र संघको महासभाले व्यक्तिका सबै प्रकारका अधिकारको उपभोग गर्नका लागि खानेपानी तथा सरसफाइको प्राप्ति मुख्य आधार हुने उल्लेख गर्दै सुरक्षित खानेपानी तथा सरसफाइ माथिको पहुँचको अधिकारलाई मानव अधिकारको रुपमा परिभाषित गरेको थियो ।

त्यसैको परिणाम स्वरुप अहिले नेपालमा पनि खानेपानी र सरफाइलाई मानव अधिकारको रुपमा ग्रहण गरिनु पर्छ र यो अधिकारलाई सुरक्षित गर्न संवैधानिक रुपमै नयाँ बन्ने संविधानमा उल्लेख गर्न माग गर्दै बहस पैरवी भइरहेका छन् ।

एउटा व्यक्तिले मानवअधिकारका रुपमा स्वतन्त्र रुपमा खान, बस्न, हिँड्डुल गर्न, सुचना प्राप्त गर्नँ जस्तै सुरक्षित खानेपानी र सरसफाइ प्राप्त गर्नु पनि मानवअधिकार भएको खानेपानी तथा सरसफाइ उपभोक्ता महासंघ नेपालका राष्ट्रिय अध्यक्ष राजेन्द्र अर्यालको भनाइ छ । मानिसका लागि नभइ नहुने खानेपानी र सरसफाइलाई संयुक्त राष्ट्र संघले मानवअधिकारका रुपमा ब्याख्या गरिसकेको अवस्थामा नेपालमा पनि यस विषयलाई उठाउन अत्यन्त जरुरी रहेकाले महासंघले उठाइ रहेको उहाँ बताउनु हुन्छ ।

खानेपानी र सरसफाइलाई मानव अधिकारका रुपमा नलिएसम्म अझै पनि हजारौँ उपभोक्ताहरु यसबाट बञ्चित रहेको अवस्था छ । हरेक व्यक्तिको खानेपानी उपभोग र सरसफाइको

पहुँच हुनु पर्ने अधिकारलाई सुरक्षित गर्ने मानव अधिकारका रुपमै हुनै पर्ने उपभोक्ताहरुको आवाज रहेको छ ।

खानेपानी अधिकारका आधार सूचकहरुको कुरा गर्दा विश्व स्वास्थ्य संगठनका अनुसार पर्याप्त पानी पाएको कुरा मान्नका लागि प्रतिव्यक्ति प्रतिदिन ५० देखि एक सय लिटर पानी उपलब्ध हुनु पर्छ। यस्तै पानीको अति अभावको स्थितिमा पनि प्रतिव्यक्ति दैनिक न्यूनतम २० लिटर पानी उपलब्ध हुनु पर्ने उल्लेख गरिएको छ। खानेपानी र सरसफाइको पहुँचको कुरा गर्दा खानेपानीको स्रोत घरबाट एक किलोमिटर दुरी भित्र हुनुपर्ने र खानेपानी संकलन ३० मिनेटभित्र गर्न सकिने स्थान र अवस्थामा हुनु पर्ने उल्लेख गरिएको छ ।

नेपालको सन्दर्भमा उल्लेखित आधार सूचकहरु पूरा नभएको देखिन्छ । साथै संवैधानिक हकको कुरा गर्दा नेपालको अन्तरिम संविधान २०६३ मा शुद्ध खानेपानी र सरसफाइको विषयमा प्रत्यक्ष अप्रत्यक्ष रुपमा स्वच्छ वातावरणमा बाँच्न पाउने प्रत्येक व्यक्तिको हक हुने भनेर उल्लेख गरिएको छ । यस्तै अघिल्लो संविधानसभाका दुई वटा विषयगत समितिले खानेपानी र सरसफाइलाई मौलिक हक र आधारभूत अधिकारको रुपमा संविधानमा राख्न प्रस्ताव गरेको र पहिलो संविधानसभाले पारित गरेको प्रस्तावहरुलाई दोस्रो संविधानसभाले स्वामित्व ग्रहण गर्ने निर्णय गरिसकेको हुँदा खानेपानी र सरसफाइलाई संवैधानिक अधिकारका रुपमा स्थापित गर्न पहलहरु भइरहेका छन् ।

हाल नेपालको खानेपानी र सरसफाइको अवस्था हेर्ने हो भने ८५ प्रतिशत जनतालाई खानेपानी तथा ६२ प्रतिशत जनतामा सरसफाइ सुविधा पुगेको तथ्यांक छ । सुविधा नपुगेको वर्गमा विपन्न तथा सिमान्तकृत वर्गको हिस्सा ठूलो रहेको छ । यस्तै प्रतिवर्ष पाँच वर्ष मुनिका दश हजार पाँच सय बालबालिका पानीजन्य तथा सरसफाइजन्य रोगका कारण मृत्यु वरण गरिरहनु परेको अवस्था छ। यसबाट राज्यलाई अर्बौं रुपैयाँ नोक्सान पनि पुगिरहेको छ। त्यसैले खानेपानी र सरसफाइलाई जबसम्म मानव अधिकारका रुपमा ग्रहण गरिँदैन तबसम्म हरेक मान्छेले आफुले स्वतन्त्र रुपमा जिउने अधिकारबाट समेत वञ्जित हुनु पर्ने अवस्था छ ।

नेपालमा खानेपानी र सरसफाइलाई राज्यको दायित्वका रुपमा लिन थालिए पनि मौलिक हकका रुपमा राख्न उपभोक्तादेखि सरोकारवाला राष्ट्रिय-अन्तर्राष्ट्रिय संघसंस्थासम्मले जोड दिइरहेका छन् । पछिल्ला दिनमा अब बन्ने संविधानमा मौलिक हकका रुपमा स्थापित गराउनु पर्ने आवाज बुलन्द बन्दै गएको छ । राष्ट्रसंघीय सन्धी तथा घोषणा पत्रहरुलाई नेपाल सरकारले अनुमोदन गर्न हतारिए पनि त्यसपछि

राज्यको उत्तरदायित्व के हुन्छ, कसरी लागू गर्ने, भन्ने कुराको लेखाजोखा नगर्ने प्रवृत्ति रहेको हुँदा सम्बन्धीत निकाय गम्भीर बन्नु पर्ने युनिसेफ नेपालकी वास विशेषज्ञ अनु पौडेल गौतमको भनाइ छ ।

खानेपानी र सरसफाइलाई मौलिक हकका रुपमा राख्न आवाज, बहस-पैरवी र अभियान जति नै बुलन्द हुदै गए पनि मुख्य पहल र तयारी गर्नुपर्ने राज्यले नै हो । खानेपानी र सरसफाइलाई मानवअधिकारका रुपमा संविधानमा स्थापित गर्न सरकारका सम्बन्धित निकायहरु लागि परेको खानेपानी तथा ढल निकास विभागका उपमहानिर्देशक रामचन्द्र देवकोटा हुन्छ ।

संविधानमा खानेपानी र सरसफाइलाई मौलिक हकका रुपमा स्थापित गराउने विषयमा कुरा गर्नुपर्दा, नेपालको अन्तरिम संविधान २०६३ मा 'प्रत्यक्ष अप्रत्यक्ष रुपमा स्वच्छ वातावरणमा बाँच्न पाउने प्रत्येक व्यक्तिको हक हुने भनेर' मात्र उल्लेख गरिएको छ ।

चौतर्फी माग र बहस पैरवीका कारण खानेपानी र सरसफाइलाई मौलिक हकका रुपमा स्थापित गराउने मस्यौदा अघिल्लो संविधानसभामा विषयगत समितिहरुबाट अघि बढिसकेको थियो । दोस्रो संविधानसभाले अघिल्लो संविधानसभाबाट पारित विषय र निर्णयहरुलाई स्वामित्व ग्रहण गरिसकेकाले यो विषयले मूर्त रुप पाउन मात्र बाँकी छ । यद्यपि, अझै पनि के होला ? भन्ने शंका र जिज्ञासा भने छँदैछ । यद्दपी, संविधान बनाउने सभासदहरुले पनि खानेपानी र सरसफाइलाई मानवअधिकारका रुपमा राख्न संविधानसभामा दबाब दिने प्रतिबद्धता जनाएका छन् ।

सभासदहरुले अब बन्ने संविधानमा खानेपानी र सरसफाइलाई मौलिक हकका रुपमा स्थापित गराउने प्रतिबद्धता त जनाएका छन् । यो विषय संविधानमा उल्लेख हुन्छ भन्ने कुरामा हामी पनि आशा राखौं । तर, संविधानको पानामा लेखेर पनि राज्यले आफ्नो दायित्व बहन गर्न सकेन भने हरेक नागरिकको मौलिक अधिकार हनन् हुन सक्छ । त्यसैले संविधानमा यो विषयलाई सम्बोधन गनुपर्ने सवाल सँगसँगै कार्यान्वयनको पक्ष पनि सबैले खबरदारी गर्न जरुरी देखिन्छ ।

यसक्रममा विभिन्न सरोकारवाला निकायहरुबाट बहस-पैरवी गर्नेदेखि दबाब दिनेसम्मका अभियानहरु जारी छन् । यसमा उपभोक्ताहरुको छाता संगठन खानेपानी तथा सरसफाइ उपभोक्ता महासंघ नेपाल फेडवासनले अग्रणी र महत्वपूर्ण भूमिका खेल्दै आएको छ ।

फेडवासनको १२ औं स्थापना दिवसको अवसरमा आयोजित कार्यक्रममा शहरी विकासमन्त्री डा. नारायण खड्काले फेड्वासनलाई सहयोगी संस्थाको रुपमा ग्राह्य गरेको र यस क्षेत्रमा

अझ सशक्त भूमिका निर्वाह गराउन सरकार सकारात्मक रहेको बताउनुभएको छ । सरकार एक्लैले विकास निर्माण लगायतका विभिन्न क्षेत्रमा काम गर्न सम्भव नभएकाले जनताको भावना बुझ्न फेडवासन जस्ता संस्थाहरुको काँधमा महत्वपूर्ण पाटोको एक अंश हाल्दिन सकेको खण्डमा संस्थागत गर्न सकिने उहाँको भनाइ छ ।

खानेपानी र सरसफाइलाई मौलिक हकका रुपमा संविधानमा स्थापित गराउनैका लागि फेड्वासनले सभासदहरुबीच अन्तरक्रिया गर्ने, ज्ञापनपत्र बुझाउनेजस्ता झकझक्याउने काम पनि गर्दै आएको छ ।

खानेपानी र सरसफाइ अधिकारसँग प्रत्यक्ष तथा परोक्ष रुपमा सम्बन्धीत ५ वटा विभिन्न संयुक्त राष्ट्रसंघीय महासन्धीहरु नेपालले अनुमोदन गरिसकेको अवस्थामा ति महासन्धीको घरेलुकरण तथा त्यसका प्रावधानहरुको प्रभावकारी कार्यान्वयन अहिलेको टड्कारो आवश्यकता हो । त्यसका लागि संविधानमा नै खानेपानी र सरसफाइलाई मौलिक हकको रुपमा राखी सोहीअनुसारको कानुनी, नीतिगत तथा संरचनागत व्यवस्था हुनु आवश्यक छ ।

यद्यपी, पूर्णसंविधानको मस्यौदा आउन बाँकी रहेकाले अझै पनि ढुक्क हुने अवस्था भने छैन । यसमा खबरदारी गरिरहनु जरुरी छ ।

तर, नयाँ संविधान जारी भएपछि पनि खानेपानी र सरसफाइलाई मौलिक हकका रुपमा स्थापित गराउन फेड्वासन आफ्नो अगुवाइमा रित्तो गाग्री र झाडु लिएर सडकमा उत्रिनु पर्ने अवस्था नआओस् भन्नु हुन्छ-फेड्वासनका राष्ट्रिय अध्यक्ष राजेन्द्र अर्याल ।

अवश्य पनि अधिकार स्थापित गर्नका लागि आमसर्वसाधारण रित्तो गाग्री र झाडु लिएर सडकमा उत्रिनु पर्ने अवस्था नआओस् । संविधान निर्माणको यो चरणमै यस विषयलाई पनि गम्भीर रुपमा सबै सरोकारवालाले ध्यानदिने हो भने स्वच्छ खानेपानी र सरसफाइमा बाच्न पाउने व्यक्तिको अधिकार सुरक्षित हुने थियो ।

# खानेपानी र सरसफाइका क्षेत्रमा महिलासँग जोडिएका सवालहरु



## लुना खतिवडा

संयुक्त राष्ट्रसंघले सन् २०१० मा खानेपानी र सरसफाइलाई मानवअधिकारका रुपमा घोषणा गरेको छ । नेपालको अन्तरिम संविधानको धारा १६ मा खानेपानी र सरसफाइलाई अप्रत्यक्ष रुपमा भए पनि सम्बोधन गरेको छ । यसै गरि अब बन्ने संविधानमा खानेपानी र सरसफाइलाई मौलिकहकका रुपमा स्थापित गर्नुपर्ने कुरा उठिरहेका छन् । अधिकारका कुराहरु एकातिर छन् अझै पनि कैयौं बस्तीहरु, समुदायहरु पानीको अभाव भोगिरहेका छन् । सरसफाइको अभावमा झाडापखाला लगायत अन्य पानीजन्य रोगहरुबाट पीडित छन् । खानेपानी र सरसफाइको संबैधानिक हक अधिकारका सवालहरुमा नगण्य व्यक्तिहरु मात्र जानकार छन् ।

सन् २०१७ सम्ममा सबै नेपालीलाई खानेपानी र सरसफाइमा पहुँच पुऱ्याउने राष्ट्रिय लक्ष्य नेपाल सरकारको छ । यही कुरालाई मध्यनजर गर्दै सम्पूर्ण सरकारी तथा गैरसरकारी निकाय तथा अन्तर्राष्ट्रिय निकायले प्रत्येक घरमा चर्पी र खानेपानीको सुविधाका लागि काम गरिरहेका छन् । लैंगिक रुपमा केलाउने हो भने कस्तो छ त महिलाको अवस्था ? सहस्राब्दी विकास लक्ष्यको तेस्रो नम्बरको लक्ष्यमा लैंगिक समानताको कुरा गरिएको छ र नेपालले यो लक्ष्य पुरा गर्न विभिन्न कामहरु गरिरहेको छ । यसैगरि बेइजिङ सम्मेलन १९९५ ले छुट्याएको बाह्रवटा अति संवेदनशील क्षेत्र मध्ये महिला र वातावरण पनि एक हो । तर महिलासँग प्रत्यक्ष जोडिएका स्वास्थ्य, वातावरण लगायतका विषयहरुमा खासै बहस तथा छलफल हुन सकेको छैन ।

नेपाली समाजमा महिलाहरुले पारिवारिक जिम्मेवारी वहन गर्नै पर्ने भएकाले घरभित्रका सम्पूर्ण काम उनीहरुले नै सम्हालिरहेका हुन्छन् । घरायसी काममा सिमित भएकै कारण आर्थिक र विकासका सवालमा महिलाहरुको उपस्थिति एकदमै न्यून छ । दाउरा बालेर खाना पकाउने अधिकांश जनसंख्या रहको हाम्रो देशमा धुँवासँग लुकामारी गर्नुपर्ने बाध्यता पनि महिलामा नै छ । महिलाहरु शारीरिक रुपले बढी संवेदनशील

हुने एकाले सरसफाइमा बढि ध्यान दिनुपर्छ तर पर्याप्त ज्ञान र शिक्षाको अभावमा सरसफाइमा ध्यान दिन नसक्दा उनीहरु रोगको शिकार बनिरहेका छन् । हरेक दिनका क्रियाकलापमा खानेपानी र सरसफाइका विषयहरु सँगसँगै जोडिएका हुन्छन् । तर अझै पनि धेरै नेपालीलाई खुला ठाउँमा दिसा गर्न हुन्न, चर्पी प्रयोग गर्नुपर्छ भनेर सिकाइरहनु परेको अवस्था छ । चर्पी प्रयोग गरेपछि हात धुनुपर्छ भन्ने ज्ञानको अभावमा धेरै संख्यामा विरामी भएर अस्पताल पुगेपछि बल्ल सरसफाइको अभावको कारण भनेर थाहा हुन्छ । खानेपानी संकलनमा नै समय विताउने पर्ने भएकाले महिलाहरुको स्वास्थ्य, शिक्षा र रोजगारीको पहुँचलाई प्रत्यक्ष असर पारिरहेको हुन्छ । यस्तो दयनीय अवस्थामा वातावरणीय न्याय र पहुँच कति टाढाको विषय होला ?

महिलासँग जोडिएका खानेपानी र सरसफाइका सवालहरुको बारेमा लेखिरहँदा जलवायु परिवर्तन र योसँग जोडिएका विपदहरु जस्तै बाढी, पहिरो, खडेरीले महिलाहरुमा पारेको असरहरुका बारेमा पनि लेख्न जरुरी हुन्छ । किनकि जलवायु परिवर्तनको जोखिममा परेका गरिब समुदायहरु भित्र पनि महिलाहरु नै सबै भन्दा बढि प्रभावित हुन्छन् । तापक्रममा आइरहेको परिवर्तन, लामो समयको खडेरी, नियमित वर्षामा गडबढी जस्ता कारणहरुले जनजीविका मा परिरहेको प्रभाव हामीले प्रत्यक्ष देखेभोगेका नै छौं । लैंगिक आधारमा कुरा गर्दा जलवायु परिवर्तनको असर महिला र पुरुष दुवैमा पर्ने भएपनि घरपरिवार र कृषि क्षेत्रमा अनिवार्य भूमिकाका कारण महिलाहरुले पुरुषको दाँजोमा बढि जोखिम वहन गरिरहेका छन् । जलवायुजन्य विपद्हरुमा पुरुषको तुलनामा महिलाहरु नै बढि मृत्युको शिकार बन्छन् भने विपदपछिको समयमा पनि उनीहरु हरेक हिसाबले असुरक्षित हुन्छन् । बाढीले घर डुबानमा परेको हुन्छ, पहिरोले सबै बगाएको हुन्छ तैपनि परिवारलाई पकाएर खुवाउने जिम्मेवारी महिलालाई नै हुन्छ । यतिमात्र होइन, महिनावारी भएको बेलामा पर्याप्त सरसफाइको अभावले उनीहरुलाई शारीरिक तथा मानसिक दुबैखाले समस्याले गाँजेको हुन्छ । तर विपद्का बेला महिलाहरुले भोग्ने यस्ता समस्याहरुमा प्राय कसैले चासो लिएको हुदैन । सामाजिक, सांस्कृतिक मान्यताहरुले गर्दा यस्ता संवेदनशील विषयलाई ध्यान नदिनु हाम्रो समाजको तीतो सत्य हो ।

देशका विभिन्न जिल्लाहरुमा खानेपानीको चरम अभाव हुन थालेका घटनाहरु कहिले समाचारका रुपमा त कहिले डकुमेन्ट्रीका रुपमा सञ्चार माध्यमबाट बाहिर आउनथालेका छन् भने अर्को तर्फ अत्याधिक पानीका कारण बाढी, पहिरो जाने र सिंगो वस्ती नै बगाउने, कैयौं वीचल्लीमा पर्ने कुराहरु अब हाम्रा लागि नौलो बनेन् । देशको राजधानी काठमाडौंमा खानेपानीको अवस्था कति दयनीय छ भनेर त पानीथाप्ने मान्छेहरुको लाइन देखेर सजिलै बुझ्न सकिन्छ । चाहे शहरमा होस्, चाहे गाउँमा पानीको अभावको पहिलो शिकार महिलाहरु नै बन्छन् । किनकि घरभित्रको सबै कामगर्ने जिम्मेवारी उनीहरुलाई हुन्छ । वनक्षेत्रको विनाश, अनियमित वर्षा, लामो समयसम्मको खडेरी जस्ता कारणहरुले पानीका मूल सुक्दै जादैछन् ,जलश्रोत घटिरहेको छ, कुवा, इनार, ढुंगे धारामा पानी सुक्दै गएका छन् । हिजोसम्म घरै अगाडिबाट पानी थाप्न

सकिन्थ्यो अब पानीका लागि घन्टौं हिड्नुपर्ने, टाढा टाढाबाट पानी बोकेर ल्याउनुपर्ने बाध्यता हुन थालेको छ । पानी मात्र भएर हुन्न, शुद्ध र सुरक्षित पानी भएन भने समस्या त्यहीं बाट शुरु हुन्छ । त्यसैले आफू र आफ्नो परिवारका लागि सुरक्षित पानी खोज्दा महिलाहरुको स्वास्थ्य जोखिममा परिरहेको छ । टाढा टाढाबाट पानी र दाउराको भारी बोक्नु पर्दा गर्भवति महिलाहरु झन् बढि समस्या भोगिरहेका छन् ।

असुरक्षित र गुणस्तरहीन पानी, चर्पीको अभाव, सरसफाइको कमि जस्ता कारणहरुले फैलिने सरुवा रोगहरुको महामारीमा पनि महिला र बालबालिकाहरु नै बढि परिरहेका हुन्छन् । यति मात्र होइन, पानी संकलनका लागि टाढा जानुपर्ने कारण बालिकाहरु स्कूल जानबाट बञ्चित भएका छन् । खानेपानीको उचित व्यवस्थापन नहुदा ग्रामिण भेगका महिलाहरुको अधिकांश समय पानी संकलन र भण्डारणमा बित्छ र समयलाई उत्पादनमूलक रुपमा प्रयोग गर्न चाहेर पनि नभ्याउने हुँदा जनजीवनसँग जोडिएका समग्र पक्षहरुमा नकारात्मक असर पर्ने गर्छ ।

समग्र नेपाली महिलाहरुको अवस्था हेर्दा उनीहरुको पहुँच निर्णय तहमा छैन । खानेपानी र सरसफाइसँग जोडेर कुरा गर्ने हो भने महिलाको देन यो क्षेत्रमा धेरै छ तर त्यसलाई ध्यान दिएर विश्लेषण गरिएको छैन । जो गरिब छ, जोसँग क्षमता छैन, पहुँचका हिसाबले टाढा छ, उसलाई नै हरेक समस्याले गाँजेको हुन्छ । तर तिनीहरुका सवाललाई निर्णायक तहमा यति चासो राखेको पाइदैन । खानेपानीसँग जोडिएका मुद्दाहरुमात्र होइन समाजका अन्य विविध मुद्दाहरुमा पनि महिलाहरुको सशक्त सहभागिता उपब्धिमूलक ढङ्गले हुन आबश्यक छ । ।

खानेपानी तथा सरसफाइका नाममा विदेशी दाताहरुले गरेको आर्थिक सहयोग र सरकार आफैंले तयार गरेका कार्यक्रमहरु समुदायसम्म पुगेको छ कि छैन ? समुदाय तह कतिको लाभान्वित भएको छ ? कतै राजधानीका महँगा होटलहरुमा गरिने गोष्ठी र सेमिनारमै पो सिमित भइरहेको छ कि ? शव्दमा जति नै राम्रा राम्रा कार्यक्रमहरु बनाएपनि व्यवहारमा लागू नभए सम्म तिनको महत्व केही हुन्न । तसर्थ यी कुराहरुमा पनि सशक्त अनुगमन हुनु जरुरी छ ।

जबसम्म महिलालाई दोश्रो दर्जामा राखेर व्यवहार गरिन्छ, उनीहरुलाई आर्थिक अधिकारबाट बञ्चित गराइन्छ तबसम्म देश प्रगतिको बाटोमा जान सक्दैन । भनिन्छ, शिक्षित र सचेत महिला भएको घरमा सबै शिक्षित हुन्छन् । यदि महिलाले खानेपानी र सरसफाइ सम्बन्धी उचित शिक्षा र सुचना पाउने हो भने प्रत्येक घरमा चेतनाको लहर फैलाउन सकिन्छ । त्यसैले महिलाको क्षमता विकासमा जोड दिने कार्यक्रमहरु गाउँगाउँसम्म पुर्‍याउनु जरुरी छ । आर्थिक, सामाजिक र राजनैतिक अधिकारबाट उनीहरुलाई टाढा राखिनु हुँदैन । स्थानीय तहमा मात्रै होइन राज्यको निर्णायक तहमा महिलाहरुको सशक्त सहभागिता हुन सकेमा निश्चय पनि खानेपानी र सरसफाइको राष्ट्रिय लक्ष्य हासिल गर्न र देशलाई समृद्धिको पथमा अघि बढाउन सम्भव छ ।

# शौचालय निर्माण गरी सरसफाइ अभियानमा बाजुराका महिलाहरु



**शेरबहादुर शाही**
**जिल्ला कार्यक्रम अधिकृत, बाजुरा**

मानव विकासको दृष्टिकोणले ७५ औं स्थानमा बाजुरा चिनिने गर्छ । सरसफाइलाई आधारभूत आवश्यकता भएको महशुस गरेर बाजुराका समुदाय अहिले सरसफाइको आन्दोलनमा तिब्र रुपमा लागिरहेका छन् । सबै ठाउँमा पुरुषले अगुवाइ गरेर सरसफाइको आन्दोलन सफल भएको भए तापनि बाजुरामा भने सरसफाइ अगुवाइको सम्पूर्ण जिम्मा महिलाले लिने अठोट गरी आन्दोलनलाई जगाएका छन् । आन्दोलनको क्रममा बह्मतोला गाविस ३ ताप्राकी रिठु सार्की गाँउकै सरसफाइ अगुवा महिला चिनिएकी छन् । "रिठुलाई एक छाक टार्न धौ धौ भएपनि बह्मतोला गाविसमा भने सरसफाइ अभियानमा नेता बन्न सफल बनेकी छन्" । उनको प्रयासले गाविसको सरसफाइ अभियान मात्र नभई जिल्लाको अभियानमा समेत प्रेरणाको स्रोत बन्न पुगेको छ । श्रीमान नौले सार्की ४ बर्ष पहिले भारतको दिल्लीमा नोकरी गर्न गएको समयमा मृत्यु भएको थियो । रिठुको आर्थिक अबस्था निकै कमजोर छ । ४ छोरी र १ छोराकी  आमा रहेकी रिठुलाई परिवार पाल्न दैनिक ज्याला मजदुरी गरेर परिवार पाल्न गरेकी छन् । कृषिबाट उनलाई तिन महिना पनि खान पुग्दैन । बाँकी ९ महिनाको लागि मजदुरी गर्नु पर्ने बाध्यता बनेको छ । आफ्नो बाध्यता एकातिर छँदै छ तर उनले पछिल्लो समयमा गाँउको विकासमा लाग्नुपर्छ भन्ने सोच आएपछि गाँउमा सधै चुलो र चौकोमा सिमित देखिने बाजुराका महिलाहरु एक बर्ष यता भने चुलो चौकोमा मात्र नभई सरसफाइ अभियानमा लागेका छन् । गाउँमा जथाभावी दिसापिसाब गरेर गाउँनै दुर्गन्धित बन्नुका साथै बिभिन्न रोगहरुको शिकार बन्न पुगेपछि महिलाहरु गाउँमा शौचालय निर्माण अभियानमा लागेको देखिन्छन । यस्ता अभियानमा पुरुषको मात्र सहभागिता देखिने भएपनि पछिल्ला समयमा पुरुष भन्दा बढि महिलाहरुको सहभागिता बन्दै गएको छ । "बिहान मेला पात गएर दिउसो भने महिलाहरु गाउँ चाहार्दै, सरसफाइ अभियानमा लाग्ने गरेका छन् ।

बाह्रबिस गाविसमा रहेको नमुना सामुदायिक संस्थाका महिलाहरु बिहान घरको काम गर्ने दिउसो टोल टोलमा गएर सरसफाइ सन्देश दिनुका साथै बाटो, घरआँगन, धारा, पधेरा सरसफाइ गर्दै आएका छन्" । त्यति मात्र नभई सामुदायिक संस्था मार्फत सरसफाइ कोषको समेत स्थापना गरेका छन् । सरसफाइ कोषमा हप्ताको एकजना सदस्य बाट २० रुपैया जम्मा गर्ने गरेको छ । बिगतमा गाउँको विकासमा पुरुषहरुलाई जिम्मा दिएपनि खासै प्रगति हुन नसके पछि उनीहरु जागरुक भएको बार्ह्रविस गाविसका चन्द्रकला शाहले बताउनु भएको छ । गाविसलाई खुला दिसामुक्त गर्नका लागि महिलाहरुको सक्रियतामा शौचालय निर्माण गर्दै आएका छन् । शौचालयको खाल्डो निर्माण देखी लिएर गारो लगाउने काम समेत महिलाहरु गर्दै आएका छन । यो अभियानमा महिलाहरु मिस्त्री समेत बन्न सफल भएका उदाहरण पनि हुन् ।

जिल्लाका २७ वटा गाविस मध्ये २३ वटा गाविस खुलादिसामूक्त भईसकेका छन् । यी गाविसहरु खुला दिसामुक्त गर्नमा महिलाहरुको उल्लेखनीय सहभागिता रहेको देखिएको छ । गाउँको विकासमा महिलाको मुख्य भूमिका हुने रहेछ, भन्ने यो सरसफाइ अभियानले प्रमाणित गरेकोछ । अहिले गाउँमा महिलाहरुले बिभिन्न माध्यम मार्फत सरसफाइ अभियानलाई अगाडी बढाइरहेका देखिन्छ । महिलाहरुले गाउँमा घरदैलो अभियान, देउडा गित, र्‍याली मार्फत सरसफाइ अभियान गर्दै आएका छन् । महिलाहरुको यो सक्रियताले जिल्लालाई २०७१ भित्र खुला दिसामुक्त गर्न सकिने पक्का भएको छ। खुला ठाँउमा दिसा गर्नेलाई कारवाही गर्ने जस्ता निर्णय महिला समूहरुले गर्दै आएका छन् । पहिलो पटक भेटाएमा १ सय, दोस्रो पटक भेटाएमा ५ सय र तेस्रो पटक भेटाएमा सञ्चार माध्यममार्फत नाम सार्वजनिक गर्ने जस्ता निर्णय गरेको जिल्लाका महिला अगुवा मनदेबी वलीले बताउनु भएको छ । देशभरी सरसफाइ अभियानको लहर चलिरहेका बेला बाजुराको अधिकांस गाविसका महिलाहरुले बिहे गर्न शौचालय अनिवार्य हुनुपर्ने जस्ता निर्णय गरेका छन् । २७ वटै गाविसमा रहेको महिला अधिकार मञ्चको सक्रियमा यस्तो निर्णय गरिएको हो । यी गाविसका महिलाले शौचालय भएको घरमा मात्र छोरी दिने र शौचालय भएका घरबाट मात्र बुहारी ल्याउने निर्णय गरेको महिला अधिकार मञ्च बह्रमतोलाकी अध्यक्ष सादना देबी शाहले भन्ने भएकोछ ।

यस जिल्लालाइ मात्र नभई अन्य छिमेकी जिल्लालाई पनि सरसफाइमा लाग्न प्रेरणा मिलोस् भन्ने उद्देश्यले पनि यस्तो निर्णय गरेको महिला अगुवा मनकला रानाले भन्ने गरेको छ । उनले भनिन् "सरसफाइ एउटा मानिसको सहपाठी हो । यदि गाँउघर सफा नभए मानिस स्वच्छ हुन सक्दैन् । शौचालय नभएका गाँउ त एउटा अपाङ्ग व्यक्ति सरह भएको मान्नु पर्छ ।

गाँउमा चर्पी नहुदाँ प्रत्येक बर्ष झाडापखाला, आँउ, हैजा, टाइफाइड लगायतका रोगको महामारी फैलने गरेको यस जिल्लामा आजभोलि रोग बाट टाढा भएको देखिन्छ । महिलाहरुको यो निर्णय पछि गाविसमा निर्माणाधिन शौचालय पनि छिटो निर्माण हुन लागेका स्थानय शिक्षक तुला थापाले भन्नु हुन्छ । त्यति मात्र नभई महिलाहरु सबै गाविसहरुमा सरसफाइ सम्बन्धी बिभिन्न कार्यक्रम गर्दै आएका छन् । देउडा गीत, सड्क नाटक, ऱ्याली मार्फत सरसफाइ अभियानमा लाग्न आग्रह गरिरहेका छन् । खुला ठाउँमा दिसा गर्ने लाई गाविसका सर्वदलीय भेलामा सार्वजनिक गर्ने निर्णय समेत गरेको छन् । महिलाहरुको यस्तो निर्णय पछि आफू चर्पी बनाउन लागेको स्थानीय हिरा दमाईले भनेका छन । महिलाको यो निर्णयपछि अन्य गाविसलाई चुनौति भएको  देखिएकोछ ।

देउडा गीतको माध्यामबाट एकातिर जिल्लामा सरसफाइ अभियान चलेको छ । अर्कोतिर परम्परागत रुपमा मध्य तथा सुदुर पश्चिमका पहाडी जिल्लामा महिलाहरुले खेल्दै आएको देउडा गीतको पनि जगेर्ना हुँदै आएको छ । मेला, चाडपर्व, छैड, लगायत पर्वमा महिलाहरुले खेलिने गरेको देउडा पछिल्लो समयमा लोप हुदै गएको महिलाहरु गाउँ गाउँमा देउडा गीतको कार्यक्रम मार्फत गाविस तथा जिल्लालाई खुला दिसामुक्त गर्न अभियानमा लाग्दै आएका छन् । पहिले पहिले मेला र पर्वमा मात्र खेल्ने गरेका थियौ । तर अहिले सरसफाइ अभियान सञ्चालन पछि पुरानो देउडा गीतको झल्को आएको उमेरले ६० नाघेकी मनाकोटीकी लक्ष्मी रोकायाले भनेका थिए । देउडा गीत कार्यक्रममा प्रायः माया र प्रितीका कुरा मात्र सुनिन्थे अहिले भने घर आँगन सरसफाइ गरौ, चर्पी बनाऔं भन्ने जस्ता सन्देश सुनिने गरेको छ ।

बिगत एक बर्ष देखि सरसफाइ अभियानको क्षेत्रमा काम गर्दै आएका तेजराज पाध्याले भने अहिले जिल्लाको सरसफाइ अभियानमा महिलाहरु बढी सक्रिय नभएको भए सरसफाइलाई अगाडि बढाउन गाह्रो हुने कुरा भन्नु हुन्छ । पहिला पहिला चार जना सहभागी भएको ठाँउमा महिलाहरु देख्न मुस्किल बन्थ्यो तर आज भोलि भने पुरुष भन्दा महिलाको सहभागिता बढी देखिने गरेको पनि भन्नु भएको थियो । बाजुरा जिल्लालाई २०७१ सम्म खुलादिसा मुक्त घोषणा गरिसक्ने निर्णय अनुसार जिल्ला भरी चर्पी बनाउने लहर समेत चलेको छ । अघिल्लो बर्षमा जिल्लामा शौचालय प्रयोग गर्नेको संख्या ४६ प्रतिशत रहेको थियो तर यो बर्षमा भने शौचालय प्रयोग गर्नेको संख्या ८८ प्रतिशत भन्दा बढि रहेको छ ।

# मकवानपुर जिल्लामा विद्यालय सरसफाइ कार्यक्रम

विद्यालय सरसफाइ कार्यक्रम अर्न्तग नेपाल सरकार शिक्षा मन्त्रालय, शिक्षा विभाग, वाटरएड नेपाल र खानेपानी तथा सरसफाइ उपभोक्ता महासंघ नेपाल वीच मुलुकको १३ जिल्ला बाट विद्यालय सरसफाइ कार्यक्रम सञ्चालन गर्ने त्रिपक्षीय सम्झौता अनुसार यस मकवानपुर जिल्ला पनि परेको र विद्यालय सरसफाइ सम्बन्धी सम्झौता अनुसार बनेको कार्ययोजना (निर्देशिका) बमोजिम जिल्ला शिक्षा अधिकारी खड्गबहादुर कुमाल ज्युको प्रमुख आतिथ्यमा स्रोत व्यक्तिहरुको भेलाद्धारा छनोट भएका जिल्लाको विभिन्न गा.वि.सहरुको विद्यालयको प्र.अ. वा विद्यालय व्यवस्थापन समितिको अध्यक्षहरुको भेला सम्पन्न गरी छनौट भएका विद्यालयहरुमा विद्यालय सरसफाइ सम्बन्धी चर्पी भए नभएको, पानीको व्यवस्था भए नभएको वाावरणीय सरसफाइ, विद्यार्थीको व्यक्तिगत सरसफाइ भए नभएको जानकारी लिई विद्यालयको सरसफाइ सम्बन्धी समस्याको पहिचान गरी पहिलो चरणमा फेडवासन प्रतिनिधीहरुको उपस्थितीमा बनेको कार्ययोजना अनुसार कार्यान्वयनको लागि विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, शिक्षक विद्यार्थीहरुको भुमिका वा सकियता रहेको र कार्यान्वयनको पक्षमा के कस्ता गतिविधिहरु रहे भन्ने सम्बन्धी तपशिल विद्यालयहरुको वर्तमान अवस्था यस प्रकार रहेको छ :

**तपशील**

**१) श्री इन्द्रायणी मा.वि. श्रोतकेन्द्र -**

**श्री कुटेश्वरी प्रा.वि.आग्रा २ देउखेल**

यस विद्यालयमा कार्यक्रम सुरु हुनु भन्दा अगाडी सुरु भएको शौचालयलाई यथावत र निरन्तर प्रयोग गरेको र पानीको ब्यवस्था मिलाउनु पर्ने देखियो ।

**२) श्री कृष्ण नि.मा.वि. गोगने २**

यस विद्यालयमा शौचालय निर्माण गा.वि.स. विद्यालय परिवारहरुको सहयोग निर्माण भएकोले अन्य काम यस कार्यक्रम सुरु हुनु भन्दा अगाडी नै भएको पाईयो । त्यस विद्यालयमा खानेपानीको कार्यक्रम सुरुहुनु भन्दा अगाडी एम.डि.आई. नेपालको सहयोगमा निर्माण भए पनि त्यस विद्यालय वरिपरि गाउँ वस्ती बाक्लो भएकोले बस्तीलाई प्राथमिक दिएको पाईयो र विद्यालयलाई कम ध्यान दिएको होकी भन्ने पाईयो ।

**३) सुर्योदय मा.वि. श्रोकेन्द्र - श्री राष्ट्रिय प्रा.वि. आंगेटार**

सो विद्यालय कक्षा ३ सम्म संचालन विद्यालय नेपाल सरकार को आर्थिक सहयोगमा र राडो नेपाल को सहजीकरणमा दुई कोठे भवन निर्माण भए तापनि शौचालय बन्न बाँकी रहेको पाइयो । सो काम विद्यालय सरसफाइ कार्यक्रम

सुरु भए पछि त्यस विद्यालय व्यवस्थापन समिति अभिभावकहरुको माग दावी र निवेदन अनुसार यस विद्यालयलाई यो आ.व. मा पनि शौचालय निर्माण योजना नपरेको गुनासो पाईयो ।

**४) महेन्द्र किरण मा.वि. मनहरी श्रोतकेन्द्र - श्री देवीथान प्रा.वि. खैराङ ९ सलेनी**

नेपाल सरकारको आर्थिक सहयोग र राडो नेपालको सहजीकरणमा दुइ कोठे भवन निर्माण भए पनि यस विद्यालय अन्तरगत मकवानपुर जिल्लाको विकट गा.वि.स. मध्ये पर्ने र यहांको मकवानपुर जिल्ला को विकट गा.वि.स. मध्ये पर्ने र यहांको जनसमुदायहरुको आर्थिक विपन्नता कारण शौचालय निर्माण गर्न बांकी थियो । यस शिलशिलामा खानेपानी था सरसफाइ उपभोक्ता महासंघ नेपाल जिल्ला शाखा मकवानपुरको सल्लाह र सुझावलाई मध्य नजर गरी हामी जनता गरीब र विपन्ना भए तापनि राज्यले अवलम्बन गरेको योजना अनुसार खुल्ला ठाउँमा दिसा गर्नुहुन्न भन्ने मान्यता अनुसार यहाँको जनातालाई वर्ष भरी खानाको लागि अपुग र छ महिना आफ्नो खोरीयाबाट उब्जेको अनाज खाने र छ महिना यस भेगमा पाईने कन्दमुल, भ्याकुर, गिठ्ठा, आदी पेट खाई यहाँको जनताले दुइकोठे शौचालय अपाङ्गता मैत्री र बाल मैत्री निर्माण गरिएको पाइयो र खानेपी ता सरसफाइ उपभोक्ता महासंघको विद्यालय सरसफाइ कार्यक्रम अनुसार मागदावी गरिएकोमा शौचालय निर्माण योजना परेकोमा खुसि ब्यक्त गरिएको पाईयो । श्री देवीथान प्रा.वि. सलेनी खैराङ प्र.अ. विनिता थिङ ज्यु ले भन्नु भयो । फेडवासनको पदाधीकारी पहिलो दिन आइ पुग्दा त्यहाँका विद्यार्थी, शिक्षिकाहरु खुल्ला ठाउँमा दिसा गरिन्थ्यो तपाई आफै पनि दास्रो अनुगमन मा आईपुग्दा शौचालय बनि सकेको छ । अस्ति खुल्ला आज बन्दा भन्ने शब्दले हांसोको किल्ला छुट्यो ।

**५) श्री महेन्द्रकिरण मा.वि. मनहरी श्रोतकेन्द्र बाराही प्रा.वि. गैजुराङ, खैराङ**

विद्यालय शौचालयमा नभए तापनि त्यस विद्यालय क्षेत्रमा ब्यतिहरुको घर पर्ने भएकोले अभिभावकहरुको घरको शौचालय प्रयोग गर्ने गरेको पाईयो  किनकी त्यस ठाउँमा पानीको प्यावा गर्ने चलन छ । पानीको अभावले गर्दा शौचालय भन्नु मात्र ठुलो कुरो होइनकी जस्तो छ किनकी यो ठाउँ खैराङ गा.वि.स. को सवैभन्दा अग्लो पानीको मुहान भन्दा पनि विद्यालय रहेको ठाउँ उचाईको कारण त्यहांको जनता निवर्तमान सभासद वीरबहादुर लामा को पालामा र उहाँको जनताहरुको पहलमा नेपाल सरकार बाट सोलार सिस्टम जडान गरी कांकडा गा.वि.स. र खैराङ गा.वि.स. को सिमानाबाट पानी ल्याई पानीको केही समस्या टरेको थियो । हाल सोलार सिस्टम विग्रियो, विपन्नता र मर्मत संभारको अभावले र बजेटको अभावले गर्दा हिजो जे थियो फेरी उही अवस्था, २०६९।०७० को योजना अनुसार शौचालय निर्माण माग दावी कार्यक्रम अनुसार योजना पारी सम्झौता भइसकेकोले खुसि छु भन्ने त्यहांको विद्यालय

ब्यवस्थापन समिती अध्यक्ष नरेन्द्रबहादुर थिङ ज्यु , प्र.अ. मानबहादुर सिङतान र अभिभावकहरुले खुसि ब्यक्त गरेको पाईयो ।

**६) सरस्वती बाल बोधनी मा.वि. मार्खु - रुपादेवी प्रा.वि. मार्खु**

नेपाल सरकार सहयोग र राडो नेपालको सहजीकरणमा कोठे भवन र शौचालय निर्माण भएकोले सो विद्यालयलाई यस कार्यक्रम अन्तरगत आवश्यक महसुस नभएको पाईयो ।

**७) निर्मल मा.वि. श्रोतकेन्द्र - शुभकामना प्रा.वि. सानोसुकौली**

प्लान नेपालको आर्थिक सहयोग र राडो नेपालको सहजीकरणमा यस विद्यालय सरसफाइ कार्यक्रम सुरु हुनु भन्दा अगावै भएकोले हाम्रो कार्यक्रम सुरु भएपछि विद्यालयमा महिनावरी भएको बेलामा प्रयोग गर्नको लागि प्याडको ब्यवस्था गरिएको पाइयो ।

**८) सरस्वती बाल बोधनी मा.वि. मार्खु - श्री जनश्रम प्रा.वि. कुलेखानी**

२०६९।०७० को योजना अनुसार विद्यालय सरसफाइ कार्यक्रम अन्तरगत मागदावी भए अनुसार शौचालय निर्माण योजना परी सम्झौता समेत भएकोमा त्यस विद्यालयका अभिभावक , शिक्षक, शिक्षिका , छात्रा, छात्रा खुसि भएको पाईयो ।

**९) सरस्वती बाल बोधनी मा.वि. मार्खु - श्री रामचन्द्र भन्ज्याङ प्रा.वि. सिस्नेरी**

आ.ब. २०६७।०६८ योजनामा शौचालय निर्माण भएको पाईयो । त्यस विद्यालयलाई पानीको आवश्यक देखियो मुहानको अभावलेगर्दा घैंटो कार्यक्रम अन्तरगत २ वटा घैंटो बाट पानीको आपुर्ति गर्दै आएको देखियो ।

**१०) निर्मल मा.वि. श्रोतकेन्द्र - श्री चन्द्रोदय नि.मा.वि. पदमपोखरी**

आ.ब.२०६३।०६४ को आयोजना अन्तरगत प्लान नेपालको सहयोगमा विद्यालय भवन र नेपाल सरकारको आर्थिक सहयोगमा छात्र, छात्रा शौचालय निर्माण भएको २०७०।०७१ सम्ममा बृहत खानेपानी योजना अन्तरगत खानेपानीको ब्यवस्था हुने देखियो ।

# खानेपानी श्रोत विवादमा मध्यस्थता



**गौतम बुद्ध लामा**

मकवानपुर जिल्ला खानेपानी तथा सरसफाइ क्षेत्रमा आम समुदायलाई सुलभ रुपले पहुंच पुऱ्याउन २०६१ साल देखि उपभोक्ताहरुको प्रतिनिधिमूलक संस्था खानेपानी तथा सरसफाइ उपभोक्ता महासंघ नेपाल जिल्ला शाखा मकवानपुर कियाशिल रहँदै आएको छ । यस जिल्लामा खानेपानीको पहुंच ८५ प्रतिशत पुगेको पाईन्छ तर उपभोक्ताहरुमा सन्तुष्टि प्राप्त भएको यथार्थ अवस्थालाई हेर्ने हो भने धेरै कम हुन आउँछ । यस जिल्लामा निर्माण सम्पन्न भएका खानेपानी तथा सरसफाइ योजनाहरुको  अवस्थालाई हेर्दा धेरै योजनाहरु मर्मत संभारको अभावले लथालिङ्ग भएका छन् । कुल योजनाहरुको ४५ प्रतिशत योजनाहरु मर्मत संभार गर्नु पर्ने अवस्था छ । यो हुनुमा प्रमुख कारण उपभोक्तामा योजनाको अपनत्वको अभाव नै प्रमुख कारण देखिन्छ ।

यस जिल्लामा खानेपानी तथा सरसफाइ क्षेत्रमा काम गर्ने निकायहरु धेरै छन् । सरकारी र गैर सरकारी गरी दर्जन भन्द बढी यस क्षेत्रमा काम गर्ने संघसंस्थाहरुको शैली र तरिकाहरु एकनासको हुन नसकेको कारण पनि उपभोक्ताहरुमा पुर्ण अपनत्व गराउन सकिरहेको छैनौं । कतिपय निकायहरुले लगानी गरेका योजनाहरुमा निर्माणको कामलाई मात्र प्राथमिकता दिई योजना सञ्चालन गरी छोडीदिने गरेको हुँदा सामाजिक क्रियाकलापलाई महत्व नै नदिएको हुनाले खानेपानी तथा सरसफाइ योजनाहरु लथालिङ्ग भएका छन् । ति संस्थाहरु राज्यको निकायहरुमा दर्ता भएका छैनन् र महासंघमा पनि आवद्धता भएको छैन । मर्मत संभार कोष छैन । उपभोक्ता समितीको नियमित बैठक बस्ने गरेका छैन, साधारण सभाहरु हुने गरेको छैन । फलस्वरुप उपभोक्ताको योजनामा अपनत्व न नभएको हुनाले योजना चांडै विग्रने नासिने हुन्छन यस्तो अवस्थामा बढी भएको गा.वि.स. हरुका खानेपानी तथा सरसफाइ योजनाको प्रतिनिधिहरुलाई योजनाप्रति अपनत्व बढाउने क्रियाकलाप गरी योजनालाई दिगोपनामा

ल्याउन उपभोक्ताहरुको सक्रियता बढाउने कार्याक्रम उपभोक्ताहरुलाई अनुशिक्षण दिनु आवश्यक देखिन्छ । किनकी श्रोत विवाद हुनुको कारण पनि नीतिगत कानूनको अज्ञानताको कारण देखिन्छ ।

(**भण्डारे खानेपानी तथा सरसफाइ उपभोक्ता समिती र शिवम् सिमेन्ट उद्योग** ) एक पक्ष जानाजान उपभोक्तहरुलाई असर पर्ने गरी उद्योग संचालन गर्ने भएकोले पनि विवाद बढेको जो ऐन कानुन बुझ्दैन त्यसैले कानुनलाई वेवास्ता गरी आफ्नो उद्योगलाई मात्र संरक्षण गर्ने भएकोले, त्यसैले उद्योग संचालन, चुनढुङ्गा उत्खनन् साईड इन्चार्जलाई सम्बन्धीत कार्यस्थलमा भेटी छलफल गरी अफिसमा उपस्थित हुने सम्मको छलफल भए पछि महासंघको कार्यालयमा उपस्थित भै समस्याको समाधान गर्नु योजनाको क्षति भएको एव् बगाएको इन्टेक भत्किएको बनाईदिने मौखिक समझदारी भएकोले यहांको विवाद सुल्झिने आशा राखिएको छ ।

(**सिस्नोडोल खानेपानी तथा सरसफाइ उपभोक्ता समिती** )

फाखेल गा.वि.स. वडा नं. ३ अवस्थित सिस्नोडोल खानेपानी तथा सरसफाइ उपभोक्ता समिति का वीच आन्तरिक रुपमा झैझगडा भएको हुंदा फेडवासनको प्रतिनिधि गइ दुवै पक्षलाई राखी छलफल गरी अव आईन्दा यस्तो कार्य नगर्ने भन्ने छलफल भएकोले समस्याको सकारात्मक समाधान हुने आशामा छौं ।

(**बसामाडी ५ स्थित राजदेवी जरुवाटोल खानेपानी तथा सरसफाइ उपभोक्ता समिती र बुद्धटोल खानेपानी**) को विवाद हाललाई पुनरावेदन अदालतले खारेज गरी दिएकोले दुवै समुहलाई एकै ठाउंमा राखी छलफल गर्ने भएको र दुवै पक्षको समझदारीमा समस्याको समाधानको खोजमा रहेकोले खानेपानी तथा सरसफाइ उपभोक्ता महासंघको तर्फबाट मध्यस्थता भै रहेको छ ।

**– अध्यक्ष मकवानपुर तथा केन्द्रीय सदस्य**
**खानेपानी तथा सरसफाइ उपभोक्ता महासंघ, नेपाल**

# हार्दिक समवेदना



जन्मः
१९९६

मृत्युः
२०७० फागुन १२ गते

**स्वः खिम कली लामा**

**खानेपानी तथा सरसफाइ उपभोक्ता महासंघ नेपाल मकवानपुर जिल्ला शाखाका अध्यक्ष तथा केन्द्रीय सदस्य श्री गौतम बुद्ध लामाकी ममतायी आमा खिम कली लामाको ७४ वर्षको उमेरमा निधन भएकोमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोक सन्तप्त परिवारजन प्रति हार्दिक समवेदना**

**व्यक्त गर्दछौं ।**

**खानेपानी तथा सरसफाइ उपभोक्ता महासंघ, नेपाल**
**परिवार**